# भरतपुर महानगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
भरतपुर, चितवन

प.सं. ०८०/०८१
च.नं. ३०८५

मिति : २०८०/०८/२५

**विषयः भरतपुर भ्रमण वर्ष २०२४ सम्बन्धमा ।**

**श्री सम्पूर्ण वडा कार्यालयहरु,**
**वडा नं. १-२९, भरतपुर महानगरपालिका, चितवन।**

"घुमौ भरतपुर" भन्ने मूल नाराको साथ सञ्चालन गरिने अभियान "भरतपुर भ्रमण वर्ष २०२४" मिति २०८०/०९/१६ गते (१ जनवरी, २०२४) हुने समुद्घाटन कार्यक्रमलाई सभ्य र भव्य बनाउन तहाँ वडा कार्यालयबाट देहायबमोजिम गर्नु गराउनुहुन आदेशानुसार अनुरोध छ।

तेजेन्द्रप्रसाद पोडेल
**(महाशाखा प्रमुख)**

१. वडामा भएका सरकारी गैर सरकारी संघ/संस्था, स्कुल, कलेज, उपभोक्ता समिति, महिला संजाल, राजनीतिक पार्टी, सहकारी, निजि क्षेत्र, आमा समुह, टोल सुधार समिति, धार्मिक समुह, जातजाति तथा साँस्कृतिक समुह, किसान बुद्धिजिवी, समाजसेवी, पत्रकार र पर्यटनसँग सम्बन्धित अन्य सरोकारवालाहरु निमन्त्रणा गरी भरतपुर भ्रमण वर्ष २०२४ सन्दर्भमा छलफल गर्ने,
२. वडा कार्यालयहरूले यातायातको स्व-व्यवस्थापन गरी स्थानीय सरकारी, गैर सरकारी, संघ/संस्था, स्कुल, उपभोक्ता समिति, महिला संजाल, राजनीतिक पार्टी, सहकारी, निजि क्षेत्र, आमा समुह, टोल सुधार समिति, धार्मिक समुह, जातजाति तथा साँस्कृतिक समुह, किसान, बुद्धिजीवी, समाजसेवी, पत्रकार र पर्यटनसँग सम्बन्धित अन्य सरोकारवालाहरुको सहभागितामा झाँकी, कलश यात्रा सहित र्यालीको व्यवस्था मिलाउने,
३. मिति २०८०/०९/१६ (१ जनवरी, २०२४) दिन मूख्य सडक र चोकमा स्थानीयको सहभागिता र सहयोगमा घडा राखी साँझ दिपावलीको व्यवस्था मिलाउने,
४. नेपाल रेडक्रस सोसाइटी, स्थानीय क्लब, आमा समूह, निजी क्षेत्र आदिसँग समन्वय गरी स्वयम् सेवकको तयारी र परिचालन गर्ने,
५. स्थानीय संघ/संस्थाहरुबाट गेट, तुल, ब्यानर, सौजन्य गर्ने व्यवस्था मिलाउने,
६. स्थानीय स्तरमा रहेका पर्यटन गन्तव्यहरूको पहिचान, संरक्षण र प्रचारप्रसारको अतिरिक्त निरन्तर सरसफाइ कार्यक्रम आयोजना गरी टोल तथा चोक आकर्षक बनाउन आवश्यक व्यवस्था मिलाउने,
७. स्थानीय स्तरमा परम्परागत जात्रा तथा पर्वको सञ्चालन र व्यवस्थापन गर्ने,
८. पर्यटन प्रवर्द्धन समितिको बैठकमा टोल विकास संस्थाको अध्यक्षहरूलाई आमन्त्रण गर्ने ।

056-520167, 521467, 530062, 526951, 522252, 525771 Fax: 056-520014
E-mail: bmc@ntc.net.np / Website: bharatpurmun.gov.np
(मन्त्रि परिषद्बाट महानगरपालिका घोषणा मिति फाल्गुन २७, २०७३)